मध्यनेपाल नगरपालिका

भोर्लेटार, लमजुङ

# नगर कार्यपालिकाको वैठकका प्रस्ताव तथा निर्णयहरुः

(वैठक संख्याः १३/२०८१-०८२, मितिः २०८२/०३/१०)

१. **विगतका वैठकको समिक्षा सम्बन्धमाः** नगर कार्यपालिकाको बाह्रौं वैठक र सो भन्दा अगाडि विभिन्न मितिमा वसेका वैठकहरुको छलफल तथा समीक्षा गरीयो।

२. **नीति तथा कार्यक्रम सम्वन्धमाः** यस मध्यनेपाल नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृतिका लागि १७ औं नगरसभा वैठकमा पेश गर्ने।

३. **वार्षिक वजेट पेश गर्ने सम्वन्धमाः** यस मध्यनेपाल नगरपालिकाको आगामी आ.व. २०८२/०८३ को वार्षिक राजस्व र ब्यय अनुमानको विवरण (बजेट) स्वीकृतिका लागि नगरसभा वैठकमा पेश गर्ने।

४. **विधेयक पेश गर्ने सम्वन्धमाः** राजस्व परामर्श समिति तथा विधेयक समितिवाट छलफल भई पेश भएका तपसिल बमोजिमका विधेयकहरु स्वीकृतिका लागि नगरसभामा पेश गर्ने।
-मध्यनेपाल नगरपालिकाको आर्थिक विधेयक, २०८२
-मध्यनेपाल नगरपालिकाको विनियोजन विधेयक, २०८२

५. **प्रगति विवरण समिक्षा तथा सार्वजनिक गर्ने सम्वन्धमाः-** यस मध्यनेपाल नगरपालिका नगरकार्यपालिकाको कार्यालय अन्तर्गत सवै शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुवाट चालु आ.व. २०८१/०८२ को हालसम्म भए गरेका विकास निर्माण, सेवा प्रवाह आदिको भौतिक तथा वित्तिय प्रगतिको विवरण उपर छलफल तथा समिक्षा र सार्वजनिकीकरणका लागि नगरसभामा पेश गर्ने । मिति २०८१ श्रावण १ देखि २०८२ असार १० सम्मको कुल विनियोजन रु. ६४,४१,९२,५०० रहेकोमा पुँजीगत तर्फ ४५.०२ प्रतिसत र चालु तर्फ ७४.६२ प्रतिसत खर्च भई जम्मा ६७.१० प्रतिसत औषत प्रगति भएको छ। क्षेत्रगत कार्यक्रम अन्तर्गत सुशासन तथा अन्तरसम्वन्धित क्षेत्रमा ३७.६४ प्रतिसत, कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ ६५.५३ प्रतिसत, सामाजिक विकासमा ७७.३१ प्रतिसत, आर्थिक विकासमा ३५.८९ प्रतिसत र पूर्वाधार विकासमा ४५.७१ प्रतिसत प्रगति भएको तथ्याङ्क अनुसार यस अवधिमा पुँजीगत खर्चको प्रगति बढाउन संझौता भई कार्यान्वयनमा रहेका योजना/कार्यक्रमहरु यथाशिघ्र सम्पन्न गरी फरफारक गर्ने।

६. **नगरपालिकाकोको निर्णय तथा खर्च अनुमोदन सम्वन्धमाः-** चालु आ.व. २०८१/०८२ मा मध्यनेपाल नगरपालिका, नगरकार्यपालिको कार्यालय अन्तर्गत विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य संस्था तथा

सेवा केन्द्रवाट कार्यसञ्चालनको क्रममा हालसम्म भए गरेका निर्णय, कार्यालयवाट भएको चालु तथा पूँजीगत खर्च भूक्तानी, १६ औ नगरसभावाट संशोधन भएका समेत हालसम्म सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको फरफारक स्वीकृति गरी अनुमोदनका लागि सभामा प्रस्ताव पेश गर्ने।

७. **कार्यालयको सेवा प्रवाह तथा कर्मचारी ब्यवस्थापन सम्वन्धमाः** नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था र सेवा केन्द्रको सेवा प्रवाहमा प्रभावकारिता ल्याई गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउने, विभिन्न कारणले पद रिक्त हुँदा सेवा प्रवाहलाई प्रभावित हुन नदिन कानून बमोजिम वैकल्पिक व्यवस्थावाट पदपूर्तिको व्यवस्था मिलाउने। विभिन्न सेवा, समूह, पद तथा तहमा कार्यरत कर्मचारीहरुलाई कार्यसम्पादनका आधारमा मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन पुरस्कार तथा दण्ड सजायको व्यवस्थालाई प्रभावकारी रुपमा लागू गर्न नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई मुख्य जिम्मेवार बनाउने प्रस्ताव नगर सभामा पेश गर्ने।

८. **सेवा करार तथा परामर्श सेवा सम्वन्धमाः** कार्यालयको सेवा प्रवाहका लागि अति आवश्यक भई स्वीकृत दरवन्दीमा रही सेवा करारमा कार्यरत कर्मचारीहरुको चालु आ.व. २०८१/०८२ को संझौता अवधि मिति २०८२ असार मसान्तमा समाप्त हुने हुँदा कर्मचारीहरुको स्वीकृत दरवन्दी, प्रचलित मापदण्ड, लेखा परीक्षणवाट प्राप्त सुझाव, करार कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कनको नतिजा तथा उपलब्ध आर्थिक श्रोत समेतलाई आधार मानी आगामी आ.व.२०८२/०८३ को प्रथम अर्ध वार्षिक अवधी (मिति २०८२ श्रावण १ गतेदेखि पौष मसान्त सम्म) का लागि करार संझौता नविकरण गर्न र कार्यालयको लागि अत्यावश्यक काममा परामर्श सेवा लिने प्रस्ताव नगरसभामा पेश गर्ने।

९. **विपद्जन्य घटना प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउने सम्वन्धमाः** मध्यनेपाल नगरपालिका वडा नं. ७ वस्ने टीकाराम विश्वकर्माले सञ्चालन गर्दै आएको परमात्मा फर्निचर उद्योगमा मिति २०८२/०२/१९ गते राती भएको आगलागीवाट फर्निचर मेसिन तथा तयारी फर्निचर तथा काठपातहरु जलेर नष्ट भई पूर्ण क्षति भएकोले राहत सहयोगका लागि प्रहरी सर्जमिन मुचुल्का तथा वडा कार्यालयको च.न. ८९९ मिति २०८२/०२/२२ मा सिफारिस भई आएको हुँदा निजलाई विपद् व्यवस्थापन कोषवाट रु. ५०,०००/- राहत उपलब्ध गराउने।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा मध्यनेपाल नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि,२०७४ को नियम ५ को उप नियम (१) बमोजिम प्रमाणित गरिएको।

<u>निर्णय प्रमाणीत गर्ने</u>

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रमेश कुमार पाण्डे
नगर प्रमुख

मितिः२०८२/०३/१०